नेपाल सरकार

सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

फोन ४२००००० ४२००२८१ ४२००२९७ ४२००२९९

पत्र संख्याः- २०७२।०७३ (सूचना तथा विद्युतीय शासन शाखा)

चलानी नं.:- ९६

मिति : २०७२।१२।२२

श्री महानगरपालिकाको कार्यालय, काठमाण्डौं ।
श्री उपमहानगरपालिकाको कार्यालय, सबै (१२) ।
श्री नगरपालिकाको कार्यालय, सबै (२०४) ।

विषय : नगर सूचना केन्द्रको स्थापना गर्ने सम्वन्धमा ।

प्रस्तुत विषयमा स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ९६(१)(घ)(६) को ब्यवस्था अनुसार २०७१ साल वैशाख २५ मा विस्तार भएका ७२ नगरपालिकाहरुको हकमा २०७३ साल बैंशाख २५ गते र अन्यको हकमा २०७३ साल बैशाख मसान्त भित्र नगर सूचना केन्द्रको स्थापना गरी उद्घाटन गर्ने र सोको जानकारी यस मन्त्रालयको सूचना तथा विद्यूतीय शासन शाखामा गराउने गरी नेपाल सरकार (मा. उपप्रधानमन्त्रीस्तर) बाट मिति २०७२।१२।२२ मा निर्णय भएकोले सो अनुसार गर्ने गराउने ब्यवस्था हुन निर्णयानुसार अनुरोध छ ।

१. मिति २०७३ बैशाख मसान्त भित्र नेपालका सबै नगरपालिकाले कार्यालय परिसर वा नगरपालिकाकाको केन्द्र रहेको स्थान वा नगरबासीहरुको पायक पर्ने उपयुक्त स्थानमा नगरपालिका, जिल्ला विकास समिति, स्थानीय उद्योग वाणिज्य संघ, स्थानीय जनता, गैरसरकारी संस्था तथा अन्य सरोकारवाला संघ संस्थाहरुको सहयोगमा नगर सूचना केन्द्र तथा पुस्तकालय संचालनमा ल्याउने, सोको जानकारी स्थानीय संचारका माध्यम मार्फत स्थानीय नगरवासी जनतालाई गराउने, यस्तो जानकारी नागरिक सचेतना केन्द्र, वडा नागरिक मञ्च लगायत अन्य सामाजिक संघ संस्थालाई वडास्थित सामाजिक परिचालक मार्फत गराउने ब्यवस्था मिलाउने,

२. बुँदा नं. १ बमोजिम स्थापना हुने केन्द्रमा साझा प्रकाशनसँग वा अन्य सम्बन्धित निकायसँग सहकार्य गरी नेपाली साहित्य, इतिहाँस, कला, संस्कृति आदि नेपाललाई परिचय गराउने पाठ्य सामग्रीहरु राख्ने ब्यवस्था मिलाउने,

३. नगर सूचना केन्द्र तथा पुस्तकालयमा नगरपालिकासँग सम्बन्धित ऐन, नियम, निर्देशिकाहरु, नगरपरिषद्का निर्णयहरु, नगरपालिकाका चालु कार्यक्रमहरु, नगरपालिकाको स्रोत नक्सा, नगर विकास योजना, नगरस्तरीय यातायात गुरुयोजना, अन्तिम लेखापरीक्षण प्रतिवेदन, राजस्वका दरहरु, भवन निर्माण सम्बन्धी मापदण्ड, बालमैत्री स्थानीय शासनका सूचकहरु, वातावरणमैत्री स्थानीय शासनका सूचकहरु, कार्य सम्पादन सम्झौताका सूचकहरु, बेरुजू विवरण, नगर प्रोफाइल आदि बिषयका सूचनाहरु अद्यावधिक गरी राख्ने (केन्द्रमा राख्नु पर्ने पाठ्य सामाग्रीहरुको विस्तृत विवरण यसैसाथ संलग्न अवधारणा पत्रको अनूसूची १ मा दिएको छ ।)

४. नगर सूचना केन्द्र तथा पुस्तकालयमा माथि बुँदा नं. ३ लगायत अन्य सम्बन्धित बिषयका श्रव्य दृष्य सामग्रीहरु समेत समावेश गर्ने । यस प्रयोजनका लागि अन्य निकायहरु समेतको सहयोग परिचालन गरी सूचना केन्द्रमा आवश्यक टलिभिजन सेट, कम्प्यूटरहरु, मल्टिमेडिया, निशुल्क वाइफाइ, इन्टरनेट आदि उपकरण तथा सेवाहरुको समेत जडान गरी नियमित रुपमा संचालनमा ल्याउने ब्यवस्था मिलाउने,

५. नगर सूचना केन्द्र तथा पुस्तकालय स्वच्छ, सफा, सुन्दर, आकर्षक बनाई नमूनाको रुपमा संचालनमा ल्याउने,

६. उपलब्ध बजेटको परिधिभित्र रही भवन संहिता तथा मापदण्ड पालना गरी नमूना भवन निर्माण गरी सूचना केन्द्रलाई क्रमिक रुपमा व्यवस्थित गर्दै लैजाने नीति नगरपालिकाले लिने,

७. नगर सूचना केन्द्र तथा पुस्तकालयका लागि आवश्यक पर्ने जनशक्ति नगरपालिकाको मौजुदा जनशक्तिबाटै व्यवस्थापन गर्ने,

नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ
फोन ४२००००० ४२००२८१ ४२००२९७ ४२००२९९

पत्र संख्याः-

चलानी नं.:-

८. नगर सूचना केन्द्र तथा पुस्तकालयमा छट्टाछुट्टै रुपमा सूचना कक्ष, पुस्तकालय कक्ष, स्रोत सामग्री कक्ष, श्रव्य दृष्य कक्ष क्रमशः व्यवस्थापन गर्दै जाने,

९. नगर सूचना केन्द्र तथा पुस्तकालयमा भुकम्प प्रतिरोधी नमूना घरका डिजाइनहरु, भुकम्प लगायत विपद्बाट बच्न आवश्यक नमूना उपकरण आदिका सामग्रीहरु Display को रुपमा राख्ने, जिल्ला स्थित कार्यालयहरुबाट प्राप्त हुने सेवाको बारेमा जानकारी पाउन सक्ने व्यवस्था मिलाउने, साथै, बैदेशिक प्रवर्द्धन केन्द्र बोर्डको सहयोगमा बैदेशिक रोजगारमा रहेका अवसर, चुनौती र प्रक्रियाका बारेमा इच्छुक सर्वसाधारणलाई जानकारी गराउने व्यवस्था मिलाउने,

१०. विपद् तथा वातावरणसँग सम्बन्धित राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थासँग सहकार्य गरी विपद् सम्बन्धी छुट्टै नगर सूचना केन्द्र तथा पुस्तकालय खोल्न सकिने, नगर सूचना केन्द्र तथा पुस्तकालय व्यवस्थापनका लागि आवश्यक वित्तीय स्रोत चालु आर्थिक बर्षको हकमा मिल्दोजुल्दो बजेट शीर्षकबाट र आगामी आर्थिक बर्षमा छुट्टै बजेटको व्यवस्था गर्ने,

११. भुकम्प प्रवाहित १४ जिल्लामा नेपाल सरकार लगायत अन्य सरोकारवाला निकायहरुबाट प्राप्त हुने सम्पूर्ण राहात लगायतका सूचनाहरु लिन सक्ने व्यवस्था मिलाउने,

१२. नगर सूचना केन्द्र तथा पुस्तकालय मार्फत कम्तिमा महिनाको एक पटक इच्छुक व्यक्तिहरुको भेला बोलाई समसामयिक बिषयहरु जस्तै वातावरणमैत्री स्थानीय शासनका सुचकहरु, बालमैत्री स्थानीय शासन सम्बन्धी सूचकहरु, योगा ध्यान, प्राकृतिक चिकित्सा, प्राङ्गगिक कृषि, कौशि खेती, रेनवाटर हार्भेस्टिङ्ग, भुकम्प प्रतिरोधी भवन, सकरात्मक सोंच आदि बिषयमा विज्ञहरुबाट सचेतनामूलक प्रवर्द्धनात्मक, अनुशिक्षणका कार्यक्रम संचालन गर्ने,

१३. नयाँ घोषणा भएका ७२ नगरपालिकाहरुले नगरपालिका स्थापनाको दिन नगर सूचना केन्द्र तथा पुस्तकालय स्थापना गरी आगामी बैशाख २५ गते उद्घाटन गर्ने व्यवस्था मिलाउने ।

.....
(कमल ज्ञवाली)
शाखा अधिकृत

बोधार्थ तथा कार्यार्थ

श्री जिल्ला विकास समितिको कार्यालय

सबै (७५) : देहाय बमोजिमको व्यवस्थाका लागि ।

१. जिल्ला विकास समितिले नगरउन्मुख गाविसहरुमा माथि उल्लेख गरिएको जस्तै गाविस सूचना केन्द्रको स्थापना गर्न पहल गर्ने,

२. जिल्ला भित्र रहेका नगरपालिकाहरुलाई नगर सूचना केन्द्र स्थापना गरी सञ्चालनमा ल्याउने सम्वन्धमा नगरपालिकाको माग बमोजिमको सहयोग उपलब्ध गराउने,

३. जिल्ला भित्रका नगरपालिकाहरुले स्थापना गरेको नगर सूचना केन्द्रको सम्वन्धमा आवश्यक अनुगमन गरी सोको प्रतिवेदन मन्त्रालयको सूचना शाखालाई उपलब्ध गराउने व्यवस्था मिलाउने ।

नेपाल सरकार

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

सिंहदरवार

नगर सूचना केन्द्र स्थापना र सञ्चालन सम्वन्धी : अवधारणा पत्र

१. भूमिका :

नगर मानव सभ्यताको प्रतीक हो । प्राचीन समयदेखि नै नगरलाई मानव सभ्यताको प्रतिकको रुपमा हेरिदै आएको छ । आधुनिक अवधारणा अनुसार नगरपालिका भन्नाले निश्चित भौगोलिक क्षेत्रमा फैलिएको न्यूनतम् शहरी आधारभूत पूर्वाधारयुक्त स्थानीय निकायलाई बुझाँउदछ । नगरपालिकामा हुने विविध पूर्वाधार मध्ये सूचनाको संकलन, प्रशोधन, भण्डारण तथा आवश्यकतामूताविक प्रयोग र प्रवाह एक महत्वपूर्ण पक्ष हो । नगर शासन र विकास प्रक्रियालाई लोकतान्त्रिक विधि, मूल्य, मान्यता र सिद्धान्त बमोजिम पारदर्शी र उत्तरदायी हिसाबवाट व्यवस्थापन गर्न नगर सूचना केन्द्रको महत्वपूर्ण भूमिका रहेको हुन्छ । नगर सूचना केन्द्र यस्तो श्रोत केन्द्र हुन सक्दछ, जहाँ नगरवासीले आफूसँग सरोकार राख्ने यावत जनसरोकारका विषयमा जानकारी पाउने र नागरिकको सूचनाको हकको सहि प्रयोग हुन सक्ने अवस्थाको सिर्जना गर्न सकिन्छ ।

२. विद्यमान अवस्था :

नेपालमा हाल १ महानगरपालिका, १२ उपमहानगरपालिका र २०४ नगरपालिका गरी जम्मा २१७ नगरपालिकाहरु रहेका छन् । पुराना ५८ वटा नगरपालिकाहरु नगरपूर्वाधारका हिसावबाट केही सवल रहेपनि पछि गठन भएका १५९ नगरपालिकाहरुमा अन्य पूर्वाधारका अतिरिक्त नगर सूचना केन्द्रको स्थापना र सञ्चालन हुन सकिरहेको छैन । नगरपालिकाहरु आफैको पनि नगर सूचना केन्द्रको स्थापना र प्रभावकारी ब्यवस्थापनमा कम चासो वा प्राथमिकता पर्ने गरेको छ । यस सन्दर्भमा नागरिकले सूचना पाउने हकको सम्मानका साथै नगर शासनलाई सुशासनयुक्त बनाउन एउटा निश्चित मापदण्ड र परिधिभित्र रहेर नगर सूचना केन्द्रको स्थापना र ब्यवस्थापन गर्नुपर्ने देखिएको छ । यसै सन्दर्भमा नगर सूचना केन्द्रको लागि आवश्यक न्यूनतम् पूर्वाधर, प्रयोग हुन सक्ने प्रविधि र मापदण्ड तयार गर्ने क्रममा यो अवधारणा पत्र तयार गरिएको छ ।

३. केन्द्रको औचित्य

नेपालको संविधान, २०७२ मा मौलिक हकको रुपमा सूचनाको हकको व्यवस्था छ । सूचनाको हक सम्वन्धी ऐन र सुशासन सम्वन्धी ऐनमा समेत सार्वजनिक निकायको पारदर्शिता र उत्तरदायित्वलाई संस्थागत गर्न सूचना व्यवस्थापनलाई महत्वपूर्ण स्थान दिनु पर्ने उल्लेख छ । ग्रामिण क्षेत्रभन्दा नगर क्षेत्रमा तुलनात्मक रुपमा बढि शिक्षित जनशक्ति रहने, उच्च नवीन प्रविधिको प्रायोग हुने, भौतिक पूर्वाधार निर्माणमा तोकिएको मापदण्डको पालना गर्नुपर्ने, सार्वजनिक ब्यवस्थापनमा समेत ऐन नियम र कार्यविधिबाट बढि निर्देशित हुने, नागरिकको सचेतनाको स्तरसमेत उच्च रहने, सार्वजनिक कार्यमा वहु आयामिक जटिलता रहने, वातावरणीय सन्तुलन र विपद ब्यवस्थापनका लागि नयाँ नयाँ अवधारणाको प्रयोग गर्नुपर्ने, कर दायित्व तथा सेवा शुल्क भुक्तानी गर्नुपर्ने जस्ता पक्ष सदा क्रियाशील रहन्छन् । यी पक्षहरुको वारेमा आम नगरवासीका बीचमा उपयुक्त प्रक्रियाबाट सूचना

सञ्चार तथा शिक्षा कार्यक्रम सञ्चालन गर्नु एक चुनौतीपूर्ण कार्य वनेको छ । नगर क्षेत्रमा जनसंख्याको चाप उच्च रहने र नागरिकहरुको बनौट तथा संरचना समेत वहुआयामिक रहने गर्दछ । फलस्वरुप नगरवासीको माग र आवश्यकताको सम्वोधनका लागि नगर प्रशासनबाट वहु आयामिक क्षेत्रको सूचना एकीकृत रुपमा सहि विधि र प्रक्रियाबाट चुस्त, दुरुस्त, तुरुन्त र प्रभावकारी रुपमा प्रवाह गरिरहनु पर्दछ । यस्तो अवस्थामा आम नगरवासीसँग सरोकार राख्ने यावत सूचनाहरुको संकलन, प्रशोधन, भण्डारण र प्रवाह गर्न सक्ने स्वःचालित आधुनिक सूचना प्रविधि मैत्री नगर पुरुतकालयको स्थापना र सञ्चालन आफैमा एक महत्वपूर्ण कार्य भित्र पर्ने गर्दछ ।

४. नगर सूचना केन्द्रको ढाँचा र कार्यविधि

नगर सूचना कन्द्रको सञ्चालन तथा ब्यवस्थापनका लागि देहाय बमोजिमको ढाँचा निर्माण गरि सञ्चालनमा ल्याइनेछ ।

क) नगरपालिको कार्यालय रहेको भवन भित्र नै एक कोठा नगर सूचना केन्द्रको लागि छुट्टाउने र जसमा सर्वसाधरण नगरवासी नागरिकहरुको सहज पहुँच स्थापित हुन सक्ने ब्यवस्था मिलाउने,

ख) नगर सूचना केन्द्रमा यस अवधारणा पत्रको अनुसूची १ मा उल्लेख भएका पाठ्य सामाग्रीहरु न्यूनतम् रुपमा रहने ब्यवस्थ मिलाउने,

ग) नगर सूचना केन्द्रमा संभव भएसम्म नगरपालिकामा उपलब्ध उपयुक्त जनशक्तिलाई जिम्मेवारी दिई सञ्चालन गर्ने ब्यवस्था मिलाउने,

घ) नगर सूचना केन्द विहान १०:०० बजे देखि ५:०० बजेसम्म खुला राख्ने ब्यवस्था मिलाउने,

ङ) नगर सूचना केन्द भित्र पाठ्य सामाग्रीहरुलाई बैज्ञानिक पद्धति अनुरुप राख्ने र पाठकहरुका लागि पढ्न र लेख्न सक्ने वातावरणका लागि भौतिक सामाग्रीहरुको ब्यवस्था गर्ने ।

यसरी स्थापना हुने नगर सूचना केन्द प्रत्येक वर्ष यसको आकार र क्षमता बढाउदै लगि स्थायी प्रकृतिको बनाउन नगरपालिकाबाट प्रत्येक वर्ष कार्यक्रम सहित नगर सूचना केन्दका लागि बजेट ब्यवस्था गर्दै जाने ।

५. नगर सूचना केन्दमा रहने सुविधाहरु

नगर सूचना केन्दको सञ्चालन तथा ब्यवस्थापनका लागि देहाय बमोजिमका न्यूनतम् सुविधाहरुको ब्यवस्था गर्नुपर्नेछ ।

क) अवधारणा पत्रको अनुसूची १ मा उल्लेख भएका पाठ्य सामाग्रीहरु,

ख) इन्टरनेट सुविधा

ग) न्यूनतम् २ थान कम्प्यूटर,

घ) सिसिटिभि क्यामेरा

ङ) पिउने पानी

६. भविश्यको स्वरुप

नगर सूचना केन्दलाई नगर सूचनाको प्रारम्भिक विन्दूको रुपमा लिई भविश्यमा यसलाई नगर सूचना केन्द्रको रुपमा विकास गर्दै जाने र आधुनिक सूचना प्रविधिका नवीन पक्षहरुलाई आत्मसाथ गर्न सक्ने दुरदृष्टिका साथ आवश्यक पूर्वाधारहरुको विकास गर्दै लगिनेछ । भविश्यमा सम्पूर्ण सामाग्रीहरुलाई डिजिटाइज गरी ई- लाइब्रेरिमा रुपान्तरण गरिनेछ ।

७. प्रचार प्रसार गर्नुपर्ने :

नगर सूचना केन्दको स्थापना, सञ्चालन र उपलब्ध पाठ्य सामाग्रीहरुको वारेमा सबै नगरवासीले थाहा पाउने र प्रयोगमा ल्याउन सकनु भनी उपयुक्त विधि र प्रक्रियाबाट प्रचार प्रसार गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

८. सहयोग लिन सक्ने :

नगर सूचना केन्दको स्थापना, सञ्चालन र व्यवस्थापन गरी यसलाई आधुनिकीकरण गर्दै प्रविधिकरण गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ/संस्थाबाट सहयोग परिचालन गर्न सकिनेछ । व्यवस्थापन पक्षलाई सबल र प्रभावकारी बनाउन सरकारी वा गैरसंरकारी संघ/संस्थासँग साझेदारीमा कार्यक्रम सञ्चालन गर्न समेत सकिनेछ ।

९. निष्कर्ष :

नगर सूचना केन्द्रको स्थापना, सञ्चालन र व्यवस्थापन आफैमा महत्वपूर्ण कार्य हो । संविधान तथा कानूनले सूचनाको हकको कार्यान्वयनलाई उच्च महत्व दिएको छ । यस सन्दर्भमा आम नगरवासीको सूचना पाउने र सूसुचित हुन पाउने अधिकारलाई स्थापित गर्ने कार्यको प्रारम्भिक विन्दूको रुपमा यसले कार्य गर्न सक्नेछ । यसलाई आधुनिकीकरण र प्रविधिकरण गर्दै लान सकिएमा नगर शासन र विकासका विविध पक्षका सूचनाहरुलाईलाई संकलन गर्ने, प्रशोधन गर्ने, भण्डारण गर्ने र प्रवाह गर्ने कार्यको रुपमा भविष्यमा नगर सूचना केन्द एक सशक्त र प्रभावकारी नगरसूचना केन्द्रको रुपमा रुपान्तरण गर्दै लगिनेछ ।

अनुसूची १

आम नगरवासीसँग सरोकार राख्ने देहायका दस्तावेजहरुको पिन्ट कपि वा डिजिटल कपि वा दुवै स्वरुपमा नगर सूचना केन्द्रमा रहनु पर्ने हुन्छ ।

क) संविधानिक दस्तावेजहरु

१. नेपाल सरकारको वैधानिक कानून, २००४
२. नेपालको अन्तरिम शासन विधान, २००७
३. नेपालको संविधान, २०१५
४. नेपाल अधिराज्यको संविधान, २०१९
५. नेपाल अधिराज्यको संविधान, २०४७
६. नेपालको अन्तरिम संविधान, २०६३
७. नेपालको संविधान

ख) अदालतका फैसला र आदेश

१. अदालतबाट नगरपालिकाको सम्वन्धमा भएका फैसलाहरु
२. अदालतबाट नगर प्रशासन र विकासका सम्वन्धमा भएका आदेशहरु

ग) ऐन नियमहरु

१. नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०७२
२. नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७२
३. सुशासन (ब्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ तथा नियमावली, २०६५
४. स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा नियमावली, २०५६
५. सूचनाको हक सम्वन्धी ऐन, २०६५ तथा नियमावली, २०६५
६. स्थानीय प्रशासन ऐन, २०२८
७. आर्थिक कार्याविधि ऐन २०५५ तथा नियमावली २०६४
८. सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४
९. मुलुकी ऐन, २०२०
१०. दैवि प्रकोप (उद्वार) ऐन, २०३९
११. समाज कल्याण ऐन, २०४९
१२. विवाह दर्ता ऐन २०२८ तथा नियमावली २०२८
१३. जन्म, मृत्यू तथा अन्य ब्यक्तिगत (घटना दर्ता) ऐन २०३३ तथा नियमावली २०३४
१४. राष्ट्रिय निर्देशन ऐन २०१८
१५. संस्था दर्ता ऐन, २०३४ तथा नियमावली, २०३४
१६. नेपाल नागरिकता ऐन, २०६३ तथा नियमावली, २०६३
१७. राहदानी ऐन २०२४ तथा नियमावली २०७१
१८. मानव वेच विखन तथा ओसार पसार (नियन्त्रण) गर्ने सम्वन्धमा ब्यवस्था गर्न बनेको ऐन २०६४ तथा नियमावली २०६५
१९. वातावरण संरक्षण ऐन, २०५३ तथा नियमावली २०५४
२०. फोहरमैला ब्यवस्थापन ऐन, २०६८ तथा नियमावली, २०७०
२१. प्रहरी ऐन २०१२ तथा नियमावली २०४९

२२. सशस्त्र प्रहरी ऐन २०५८ तथा नियमावली २०६०
२३. सैनिक ऐन २०६३ तथा सैनिक सेवा नियमावली २०६९
२४. नगर विकास ऐन २०४५
२५. काठमाण्डौं उपत्यका विकास प्राधिकरण ऐन २०४५
२६. नगर विकास कोष ऐन २०५३ र नियमावली २०५४
२७. संयुक्त आवास स्वामित्व सम्वन्धी ऐन २०५४ तथा नियमावली २०६१
२८. भवन ऐन २०५५ तथा नियमावली २०६६
२९. पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानी सम्वन्धी ऐन २०६३ तथा नियमावली २०६४
३०. खाद्य ऐन २०२३, नियमावली २०२७
३१. निकासी पैठारी (नियन्त्रण) ऐन २०१३ तथा नियमहरु २०३४
३२. कालो बजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन २०३२
३३. नेपाल गुणस्तर (प्रमाण चिन्ह) ऐन २०३७, नियमावली २०४०
३४. नेपाल पेट्रोलियम ऐन २०४० र नियमावली २०४१
३५. विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०४९
३६. औद्योगिक व्यवसाय ऐन २०४९
३७. उपभोक्ता संरक्षण ऐन २०५४ तथा नियमावली २०५६
३८. कम्पनी ऐन २०६३
३९. लगानी वोर्ड ऐन २०६८
४०. वालवालिका सम्वन्धी ऐन २०४८
४१. गरिवी निवारण कोष ऐन २०६३

घ) कार्यविधि, निर्देशिका र मापदण्ड

१. नगरको विकास निर्माण कार्यविधि/निर्देशिका/मापदण्ड
२. नगरको भवन निर्माण कार्यविधि/निर्देशिका/मापदण्ड
३. नगर क्षेत्रमा रहेको सार्वजनिक सम्पत्ति संरक्षण निर्देशिका
४. एकीकृत सम्पत्ति कर सम्वन्धी कार्यविधि/निर्देशिका/मापदण्ड
५. नगर क्षेत्रमा ब्यवसाय दर्ता तथा सञ्चालन सम्वन्धी कार्यविधि/निर्देशिका/मापदण्ड
६. नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका-२०६३, नागरिकता प्रमाणपत्र वितरण टोलीको कार्य सञ्चालन निर्देशिका- २०७०
७. राहदानी निर्देशिका २०७१
८. सरकारी निर्णय प्रक्रिया सरलीकरण निर्देशिका २०६५
९. सेवा केन्द्र सम्वन्धी निर्देशिका २०६५
१०. सेवा अभियान निर्देशिका २०६५
११. सेवा ग्राही संन्तुष्टी निर्देशिका २०६८
१२. हेलो सरकार कक्ष सञ्चालन निर्देशिका २०६८
१३. क्षतिपूर्ति सहितको नागरिक बडापत्र २०७०
१४. गुनासो सुनुवाई निर्देशिका, २०६३

१५. राष्ट्रिय भवन सहिंता २०६०
१६. निर्देशित जग्गा विकास मापदण्ड २०३३
१७. भवन निर्माण मापदण्ड २०६४
१८. काठमाण्डौं उपत्यका भित्रका नगरपालिका र नगरउन्मुख गाविसहरुमा गरिने निर्माण सम्वन्धी मापदण्ड २०६४
१९. वस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्वन्धी आधारभूत मार्गदर्शन, २०७२ : स्थानीय विकासबाट स्वीकृत
२०. वस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्वन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ : सहरी विकास मन्त्रालयबाट निर्माण गरी म.प.बाट स्वीकृत
२१. संयुक्त बजार अनुगमन निर्देशिका २०६९
२२. सार्वजनिक निकायमा स्वदेशी वस्तुको उपयोग गर्ने सम्वन्धी निर्देशिका २०६९
२३. राष्टिय विद्युत संकट निरुपण कार्ययोजना २०६५
२४. संस्थागत सौर्य उर्जा प्रणाली अनुदान तथा परिचालन कार्यविधि २०७०
२५. सहरी सौर्य उर्जा प्रणाली अनुदान तथा परिचालन कार्यविधि २०७०
२६. दुर्गम स्थानका लघु तथा साना जल विद्युत आयोजनाका लागि थप आर्थिक सहयोग परिचालन कार्यविधि २०७१
२७. सामाजिक परिचालन कार्यविधि २०७१
२८. सामाजिक परीक्षण निर्देशिका, २०६९
२९. सार्वजनिक परीक्षण निर्देशिका, २०६९
३०. सार्वजनिक सुनवाई निर्देशिका, २०६९

ङ) नीति, परिपत्र र निर्देशनहरु

१. नगरपालिकाको सूचना, शिक्षा तथा सञ्चार नीति/रणनीति
२. सार्वजनिक निजी साझेदारी नीति २०७२
३. स्थानीय पूर्वाधार विकास नीति २०६१
४. राष्ट्रिय भू उपयोग नीति २०६९
५. राष्ट्रिय शरही नीति २०६४
६. राष्ट्रिय आवास नीति २०६८
७. औद्योगिक नीति २०६७
८. आपूर्ति नीति २०६९
९. विदेशी लगानी नीति २०७१
१०. विकास सहायता नीति २०७१
११. वाणिज्य नीति २०७२
१२. नेपाल एकीकृत व्यापार रणनीति २०१०
१३. जलविद्युत विकास नीति २०५८
१४. ग्रामिण उर्जा नीति २०६३
१५. राष्ट्रिय परमाणु नीति २०६४
१६. नवीकरणीय उर्जा अनुदान नीति २०६९
१७. संवैधानिक निकाय र विषयगत मन्त्रालयहरुबाट भएका परिपत्रहरुको संग्रह पुस्तिका

च) आवधिक तथा क्षेत्रगत विषयगत योजना र वार्षिक बजेटका दस्तावेजहरु

१. प्रथम देखि चालु आवधिक योजनासम्मका दस्तावेजहरु
२. जिल्ला विकास आवधिक योजना
३. नगर विकास आवधिक योजना
४. नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम
५. नेपाल सरकारको वार्षिक बजेट पुस्तिका
६. नेपाल सरकारको वार्षिक बजेट पुस्तिका भाग १ र भाग २
७. जिल्ला परिषद्को पुस्तिका
८. नगर परिषद्को पुस्तिका
९. जिल्ला आवधिक सडक गुरु योजना
१०. नगर आवधिक सडक गुरु योजना

छ) वार्षिक प्रतिवेदन

१. संवैधानिक निकायका वार्षिक प्रतिवेदनहरु
२. विषयगत मन्त्रालयको वार्षिक प्रतिवेदनहरु
३. जिल्ला विकास समितिको वार्षिक प्रतिवेदन
४. नगरपालिकाको वार्षिक प्रतिवेदन
५. जिल्ला भित्रका विषयगत कार्यालयहरुको वार्षिक प्रतिवेदन
६. सूचनाको हक अन्तरगत स्वः प्रकाशनको पुस्तिकाहरु
७. वार्षिक लेखा परीक्षण प्रतिवेदन
८. नगरपालिकाको वार्षिक आय ब्यय विवरण

ज) पत्र पत्रिकाहरु

१. मुख्य मुख्य राष्ट्रिय दैनिक पत्रिकाहरु
२. मुख्य मुख्य राष्ट्रिय साप्ताहिक पत्रिकाहरु
३. जिल्ला/नगर क्षेत्रका दैनिक पत्रिकाहरु
४. जिल्ला/नगर क्षेत्रका साप्ताहिक पत्रिकाहरु
५. मुख्य मुख्य राष्ट्रिय मासिक पत्रिकाहरु